NIC ASIA CAPITAL

idea to iPO
Connecting the dots...

# प्रेस विज्ञप्ति
# आश्विन २९, २०८०

## एन आई सी एशिया क्यापिटलद्धारा संचालित सामूहिक लगानी कोष योजनाहरुको प्रतिफल घोषणा ।

एन आई सी एशिया क्यापिटल लिमिटेडको मिति २०८० आश्विन २७ गते शनिबार विहान ११:०० बजे क्यापिटलको कार्यालय थापाथली, काठमाण्डौमा बसेको संचालक समितिको १३१औं बैठकले आर्थिक वर्ष २०७९/०८० का लागि एन आई सी एशिया बैंक म्युचुअल फण्ड अन्तर्गत संचालित योजनाहरु मध्ये **एन आई सी एशिया ग्रोथ फण्ड (NIC ASIA Growth Fund) ले इकाईधनीहरुलाई १०.५० प्रतिशत (कर सहित)** का दरले हुन आउने रकम रु.८,७६,९६,००० (अक्षरेपी आठ करोड छयत्तर लाख छयानब्बे हजार मात्र) र **एन आई सी एशिया ब्यालेन्सड् फण्ड (NIC ASIA Balanced Fund) ले इकाईधनीहरुलाई १० प्रतिशत (कर सहित)** का दरले हुन आउने रकम रु.७,५५,००,००० (अक्षेरेपी सात करोड पचपन्न लाख मात्र) नगद प्रतिफल वितरण गर्ने निर्णय गरेको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

एन आई सी एशिया ग्रोथ फण्डले पहिलो वर्ष १० प्रतिशत, दोश्रो वर्ष १२ प्रतिशत, तेश्रो वर्ष ३० प्रतिशत, चौंथो वर्ष १३ प्रतिशत तथा पाचौं वर्ष अर्थात आ.व. २०७९/८० को लागि घोषणा गरेको १०.५० प्रतिशत सहित हालसम्म ७५.५० प्रतिशत नगद प्रतिफल वितरण गर्न सफल भएको छ भने एन आई सी एशिया ब्यालेन्सड् फण्डले संचालनमा आएको पहिलो वर्ष ८ प्रतिशत, दोश्रो वर्ष ३० प्रतिशत, तेश्रो वर्ष १३ प्रतिशत र चौंथो वर्ष अर्थात आ.व. २०७९/८० को लागि घोषणा गरेको १० प्रतिशत सहित हालसम्म ६१ प्रतिशत नगद प्रतिफल वितरण गर्न सफल भएको छ । साथै एन आई सी एशिया डाइनामिक डेप्ट फण्डले आ.व. २०७९/८० मा १० प्रतिशत नगद प्रतिफल घोषणा गरी मिति २०८०/०५/१७ गतेदेखि सम्बन्धित इकाईधनीहरुको हितग्राही खातामा उल्लेख गरेको बैंक खातामा जम्मा गरिसकेको व्यहोरा समेत सहर्ष जानकारी गराउदछौं ।

छिटो, छरितो तथा ग्राहकमुखी सेवा दिंदै क्रमिक रुपमा लगानीकर्तामाझ लोकप्रिय बन्दै गइरहेको एन आई सी एशिया क्यापिटल लिमिटेडले हाल म्युचुअल फण्ड, शेयर रजिष्ट्रार, निष्काशन तथा बिक्री प्रवन्ध, शेयर प्रत्याभूति, लगानी व्यवस्थापन, निक्षेप सदस्य, संस्थागत परामर्श लगायतका मर्चेण्ट बैंकिङ्ग तथा इन्भेष्टमेण्ट बैंकिङ्ग सम्बन्धी सम्पूर्ण सेवाहरु प्रदान गर्दै आईरहेको छ ।

Ramendra

..............................
रामेन्द्र रायमाझी
प्रमुख कार्यकारी अधिकृत

NIC ASIA CAPITAL

१ नेपाली
एक DEMAT खाता

मेरो लगानी,
मेरो भविष्य